# कमल राजपत्र

## कमल गाउँपालिका

### गाउँकार्यपालिकाद्वारा प्रकाशित

मिति २०८१।०१।०६

**भाग:२**

## कमल गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सञ्जाल गठन सम्बन्धि कार्यविधि, २०८०

कमल गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

कमल राजपत्र

**कमल गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सञ्जाल गठन सम्बन्धि कार्यविधि, २०८०**

प्रस्तावना :

आत्मनिर्भर,दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै कमल गाउँपालिका भित्र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको पुनःएकीकरण गर्न सञ्जाल गठन र नियमन गर्न साथै आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक उन्नयन गर्न सञ्जालको माध्यमबाट वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक अधिकार, आर्थिक अधिकार, राजनैतिक अधिकार तथा साँस्कृतिक अधिकारसुनिश्चित गर्दै स्वरोजगार(खेती, उद्योग,वस्तु तथा सेवा) व्यवसाय सञ्चालन कार्य प्रभावकारी रुपले समयानुकुल अगाडि बढाउन वाञ्छनीय भएकाले वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुनःएकीकरण परियोजना सञ्चालन मार्गदर्शन,२०७९ को परिच्छेद-५ दफा २२ को उपदफा २(च) ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाको निर्णयबाट स्वीकृत गरी यो कार्यविधि बनाई लागू गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम “कमल गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सञ्जाल गठन सम्बन्धि कार्यविधि, २०८०” रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ।

२. परिभाषाः

१) “अध्यक्ष” भन्नाले कमल गाउँपालिकाको पालिकाप्रमुखलाई सम्झनु पर्छ।

२) “उपाध्यक्ष” भन्नाले कमल गाउँपालिकाको पालिका उपप्रमुखलाई सम्झनु पर्छ।

३) “गाउँपालिका” भन्नाले कमल गाउँपालिकालाई सम्झनु पर्छ।

४) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कमल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

५) "निर्देशिका" भन्नाले "वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८०" लाई सम्झनु पर्छ।

६) "मार्गदर्शन" भन्नाले "वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनः एकीकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९ लाई सम्झनु पर्छ।

७) "परियोजना कार्यान्वयन समिति" भन्नाले मार्गदर्शनको दफा १६ बमोजिम गठित समिति सम्झनु पर्छ।

८) “सल्लाहकार समिति” भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठन भ एको समितिलाई सम्झनु पर्छ।

९) “सञ्जाल शाखा प्रमुख” भन्नाले रोजगार सेवा केन्द्रको रोजगार संयोजकलाई सम्झनु पर्छ।

१०) “सञ्जाल”भन्नाले कमल गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको गाउँपालिका स्तरिय सञ्जाललाई सम्झनु पर्छ।

११) "वडा सञ्जाल" भन्नाले कमल गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको वडा स्तरिय सञ्जाललाई सम्झनु पर्छ।

१२) "वस्ती सञ्जाल" भन्नाले कमल गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको टोल विकास स्तरिय सञ्जाललाई सम्झनु पर्छ।

१३) “सञ्जाल विज्ञ” भन्नाले सञ्जालमा कम्तिमा २ वर्ष कार्य गरेको व्यक्तिलाइ सम्झनु पर्छ।

१४)“सञ्जाल हेर्ने विषयगत समितिको संयोजक” रेमी परियोजना अन्तर्गत काम गर्ने कर्मचारी सम्झनु पर्छ।

१५) "रोजगार सेवा केन्द्रको रोजगार संयोजक" भन्नाले कमल गाउँपालिकाको रोजगार सेवा केन्द्रको रोजगार संयोजकलाई सम्झनु पर्छ।

१६) “संरक्षक” भन्नाले पालिका प्रमुखलाई सम्झनु पर्छ।

१७) “वडा प्रतिनीधि” भन्नाले सम्बन्धित वडा अध्यक्षलाई सम्झनु पर्छ।

१८) “वडा सदस्य” भन्नाले सम्बन्धित वडाका वडा सदस्यहरुलाई सम्झनुपर्छ।

३. उद्देश्यः

१) कमल गाउँपालिकाद्वारा सञ्चालित सेवाहरुलाई वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुसम्म सूचना प्रवाह गर्ने।

२) हरेक वडामा घटित सामाजिक तथा मनोसामाजिक घटनालाई रोजगार सेवा केन्द्र सम्म जोड्ने।

३) स्वरोजगारको क्षेत्रमा वडागत सम्भावनाको पहिचान गर्न।

४) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई विभिन्न सामाजिक क्षेत्रको नेतृत्व विकास गर्न।

५) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई सेवासँग जोडिन हौसला प्रदान गर्न।

४. सञ्जालको कार्यक्षेत्रः

१) सञ्जालको कार्यक्षेत्र टोल विकास समिति हुदै वडा र पालिका स्तरीय रहने छ।

५.कार्यालय व्यवस्थापनः

१) पालिका स्तरीय सञ्जालको आफ्नो कार्य सञ्चालनको लागि एक कार्यालय रहनेछ ।पत्राचार ठेगाना,सम्पर्क नम्वर, सञ्जालले तोके बमोजिम हुनेछ ।यसको जानकारी गाउँपालिका र रोजगार सेवा केन्द्रमा समेत गराइने छ।

## परिच्छेद-२

## सञ्जाल गठन तथा काम, कर्तव्य र अधिकार

६. वस्ती सञ्जाल गठनः वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा तिनका परिवार सदस्यहरुलाई संगठित गरी आर्थिक तथा सामाजिक पुनःएकीकरण क्रियाकलाप सञ्चालनलाई सहज बनाउन टोल विकास संस्था स्तरिय तपशिल बमोजिमको वस्ती सञ्जाल रहनेछ।

(१)वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवार सदस्य तथा वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार सदस्यहरुको टोल विकास संस्था स्तरिय भेलाबाट अधिकतम सहभागितामा सात देखि तेह्र (७ देखि १३ जना) सदस्यीय वस्ती सञ्जाल गठन गर्नुपर्नेछ।

(२)वस्ती सञ्जाल गठनको लागि भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(३)वस्ती सञ्जाल गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्यररोजगार सेवा केन्द्रका कर्मचारीको रोहवरमा गर्नु पर्नेछ।

(४)वस्ती सञ्जाल गठनको लागि बोलाईएको भेलामा सेवाको संक्षिप्त विवरण र सञ्जालको संरचना सहितको जानकारी रोजगार सेवा केन्द्रको प्रतिनिधिले गराउनु पर्नेछ।

(५) वस्ती सञ्जाल गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ। वस्ती सञ्जालमा सम्भव भएसम्म तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ।

(६) एउटै परिवारका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवार सदस्य तथा वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार सदस्यहरु वस्ती सञ्जालको सदस्य हुन पाउने छैन ।

(७) वस्ती सञ्जाल गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपस्थितहरुको बहुमतबाट सञ्जालको गठन गरिने छ ।

(८) वस्ती सञ्जालको अध्यक्ष, सचिव र कोषाध्यक्ष श्रम स्वीकृती लिई कम्तिमा पाँच (५) वर्ष काम गरेर वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति हुनुपर्नेछ । उपाध्यक्ष र सदस्य पदमा श्रम स्वीकृती लिई काम गरेर फर्केका व्यक्ति वा तिनका परिवारका सदस्य तथा वैदेशिक रोजगारीमा रहेका व्यक्तिको परिवारका सदस्य समेत रहन पाउनेछ ।

(९) सञ्जालका पदाधिकारीहरुको पदावधि तीन वर्ष हुनेछ।

(१०) वडा अध्यक्षले तोकेको वडा सदस्य वस्ती सञ्जालको संरक्षक हुनेछ।

(११) वस्ती सञ्जालको बैठक सम्बन्धि व्यवस्थाः

क) वस्ती सञ्जालको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सचिवले सञ्जालको बैठक बोलाउने छ ।

ख) अध्यक्षको निर्देशनमा सचिवले बैठक बस्नु भन्दा कम्तिमा तीन दिन अघि बैठकका बिषयको जानकारी सबै सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

ग) सञ्जालमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

घ) सञ्जालको बैठकका बिषय र निर्णय सञ्जालको प्रवर्द्धन, विकास र सदस्य वा वैदेशिक रोजगारिबाट फर्केका व्यक्तिको परिवारको आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक उन्नतिमा केन्द्रित रहनेछ ।

ङ) सञ्जालको बैठकको निर्णय पुस्तिका अध्यक्षले प्रमाणित गर्नेछ ।

च) सञ्जालको बैठक हरेक २ महिनामा १ पटक हुनेछ ।

(१२) वस्ती सञ्जालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समूदाय स्तर भएका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवारमा हुने गरेका असामान्य देखिने सामाजिक र आर्थिक क्रियाकलापहरुलाई वडा स्तर सञ्जाल, पालिका स्तरको सञ्जाल र रोजगार सेवा केन्द्रमा जानकारी गराउने ।

ख) समुदाय स्तरमा रहेका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको तथ्याङ्क अध्यावधिक गर्न सहजिकरण गर्ने तथा त्यस्ता व्यक्ति वा तिनका परिवारहरुको स्वरोजगार बन्न चाहेको क्षेत्रको जानकारी रोजगार सेवा केन्द्रमा उपलब्ध गराउने ।

ग) समुदाय स्तरमा समुहमा आधारित उद्यम कार्यक्रम सञ्चालन गर्ने र गर्न सहजीकरण गर्ने ।

घ) समुदाय स्तरका सम्भावित रोजगारीको क्षेत्रको पहिचानमा सहजीकरण गर्ने ।

७. वडा सञ्जाल गठनः वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा तिनका परिवार सदस्यहरुलाई संगठित गरी आर्थिक तथा सामाजिक पुनःएकीकरण क्रियाकलाप सञ्चालनलाई सहज बनाउन वडा स्तरिय तपशिल बमोजिमको सञ्जाल रहनेछ ।

(१)वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवार सदस्य समावेश भइ गठन भएको वस्ती स्तरिय सञ्जालबाट तीन जना प्रतिनीधिहरुको (अध्यक्ष,कोषाध्यक्ष,सचिव) भेलाबाट अधिकतम सहभागितामा सात देखि तेह्र (७ देखि १३ जना) सदस्यीय वडा सञ्जाल गठन गर्नुपर्नेछ । प्रतिनीधिको हकमा सम्भव भएसम्म १ जना महिला पठाउनुपर्नेछ ।

(२)वडा सञ्जाल गठनको लागि भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(३)वडा सञ्जाल गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य र रोजगार सेवा केन्द्रका कर्मचारीको रोहवरमा गर्नु पर्नेछ।

(४)वडासञ्जाल गठनको लागि बोलाईएको भेलामा सेवाको संक्षिप्त विवरण र सञ्जालको संरचना सहितको जानकारी रोजगार सेवा केन्द्रको प्रतिनिधिले गराउनु पर्नेछ।

(५) वडा सञ्जाल गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ। वस्ती सञ्जालमा सम्भव भएसम्म तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ।

(६) वडा स्तरिय सञ्जालमा एउटै वस्ती स्तरिय सञ्जालको प्रतिनीधि मूख्य पदाधिकारीमा दोहोरिन पाउने छैन।

(७) वडा सञ्जाल गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपस्थित प्रतिनीधिहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ।

(८) सञ्जालका पदाधिकारीहरुको पदावधि तीन वर्ष हुनेछ।

(९) वडा अध्यक्ष वडा सञ्जालको संरक्षक हुनेछ।

(१०) वडा सञ्जालको बैठक सम्बन्धि व्यवस्थाः

क) वडा सञ्जालको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सचिवले सञ्जालको बैठक बोलाउने छ।

ख) वडा सञ्जालको अध्यक्षको निर्देशनमा सचिवले बैठक बस्नु भन्दा कम्तिमा तीन दिन अघि बैठकका बिषयको जानकारी सबै सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ।

ग) सञ्जालमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ। मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

घ) वडा सञ्जालको बैठकका बिषय र निर्णय सञ्जालको प्रवर्द्धन, विकास र सदस्य वा वैदेशिक रोजगारिबाट फर्केका व्यक्तिको परिवारको आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक उन्नतिमा केन्द्रित रहनेछ।

ङ) वडा सञ्जालको बैठकको निर्णय पुस्तिका अध्यक्षले प्रमाणित गर्नेछ।

च) वडा सञ्जालको बैठक हरेक २ महिनामा १ पटक हुनेछ।

(११) वडा सञ्जालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) वडा स्तर भएका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवारमा हुने गरेका असामान्य देखिने सामाजिक र आर्थिक क्रियाकलापहरुलाईपालिका स्तरको सञ्जाल र रोजगार सेवा केन्द्रमा जानकारी गराउने।

ख) वडा स्तरमा रहेका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवारहरुले स्वरोजगार बन्न चाहेको क्षेत्रको जानकारी पालिका सञ्जाल र रोजगार सेवा केन्द्रमा उपलब्ध गराउने।

ग) वडा स्तरमा समुहमा आधारित उद्यम कार्यक्रम सञ्चालन गर्ने र गर्न सहजीकरण गर्ने।

घ) वडा स्तरका सम्भावित रोजगारीको क्षेत्रको पहिचानमा सहजीकरण गर्ने।

ङ) रोजगार सेवा केन्द्र,पालिका सञ्जाल र पालिकाका शाखागत सेवाहरुलाई वस्ती सञ्जाल हुदै समुदाय स्तरमा सम्प्रेषण गर्ने।

८) पालिका स्तरीय सञ्जालः वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा तिनका परिवारका सदस्यहरुलाई संगठित गरी आर्थिक तथा सामाजिक पुनःएकीकरण क्रियाकलाप सञ्चालन र आत्मनिर्भर,दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै कमल गाउँपालिका भित्र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको पुनःएकीकरण गर्ने सञ्जाल गठन र नियमन गर्न साथै आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक

उन्नयन गर्न सञ्जालको माध्यमबाट वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक अधिकार, आर्थिक अधिकार, राजनैतिक अधिकार तथा साँस्कृतिक अधिकार सुनिश्चित गर्दै स्वरोजगार(खेती, उद्योग,वस्तु तथा सेवा) व्यवसाय सञ्चालन कार्यलाई सहज बनाउन पालिका स्तरिय देहाय बमोजिमको सञ्जाल रहनेछ ।

(१)वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवार सदस्य समावेश भई गठन भएको वडा स्तरिय सञ्जालबाट पाँच जना प्रतिनीधिहरुको (अध्यक्ष, कोषाध्यक्ष, सचिव र दुई सदस्य) भेलाबाट अधिकतम सहभागितामा सात (७) सदस्यीय पालिका सञ्जाल गठन गर्नुपर्नेछ । प्रतिनिधिको हकमा सम्भव भएसम्म १ जना महिला पठाउनुपर्नेछ ।

(२) पालिका सञ्जाल गठनको लागि भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(३)पालिका सञ्जाल गठन गर्दा सञ्जाल सहजीकरण समितिको रोहवरमा गर्नु पर्नेछ ।

(४)पालिका सञ्जाल गठनको लागि बोलाईएको भेलामा सम्पुर्ण सेवाको विवरण र सञ्जालको संरचना सहितको जानकारी रोजगार सेवा केन्द्रको प्रतिनिधिले गराउनु पर्नेछ ।

(५) पालिका सञ्जाल गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ । पालिका सञ्जालमा सम्भव भएसम्म तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ ।

(६) पालिका स्तरिय सञ्जालमा एउटै वडा स्तरिय सञ्जालको प्रतिनीधि मूख्य पदाधिकारीमा दोह्रोरिन पाउने छैन ।

(७) पालिका सञ्जाल गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपस्थित प्रतिनीधिहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

(८) सञ्जालका पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ।

(९) पालिका प्रमुख पालिका सञ्जालको संरक्षक हुनेछ।

(१०) पालिका सञ्जालको बैठक सम्बन्धि व्यवस्थाः

क) पालिका सञ्जालको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सचिवले सञ्जालको बैठक बोलाउने छ ।

ख) पालिका सञ्जालको अध्यक्षको निर्देशनमा सचिवले बैठक बस्नु भन्दा कम्तिमा तीन दिन अघि बैठकका बिषयको जानकारी सबै सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

ग) सञ्जालमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

घ) पालिका सञ्जालको बैठकका बिषय र निर्णय सञ्जालको प्रवर्द्धन, विकास र सदस्य वा वैदेशिक रोजगारिबाट फर्केका व्यक्तिको परिवारको आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक उन्नतिमा केन्द्रित रहनेछ ।

ङ) पालिकासञ्जालको बैठकको निर्णय पुस्तिका अध्यक्षले प्रमाणित गर्नेछ ।

च) पालिकासञ्जालको बैठक हरेक २ महिनामा १ पटक हुने छ ।

(११) पालिका सञ्जालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) पालिका स्तरमा भएका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवारमा हुने गरेका असामान्य देखिने सामाजिक र आर्थिक क्रियाकलापहरुलाई रोजगार सेवा केन्द्रमा जानकारी गराउने ।

ख) पालिका स्तरमा रहेका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति वा तिनका परिवारहरुले स्वरोजगार बन्न चाहेको क्षेत्रको जानकारी रोजगार सेवा केन्द्रमा उपलब्ध गराउने ।

ग) पालिका स्तरमा समुहमा आधारित उद्यम कार्यक्रम सञ्चालन गर्ने र गर्न सहजीकरण गर्ने ।

घ) पालिका स्तरका सम्भावित रोजगारीको क्षेत्रको पहिचानमा सहजीकरण गर्ने ।

ङ) रोजगार सेवा केन्द्र र पालिकाका शाखागत सेवाहरुलाई वडा सञ्जालमा सम्प्रेषण गर्ने ।

च) वस्ती र वडा सञ्जाल बाट आएका सम्पूर्ण सूचना रोजगार सेवा केन्द्रमा सम्प्रेषण गर्ने ।

## परिच्छेद-३
## सञ्जालको दर्ता वा सूचीकृत प्रक्रिया

९) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा तिनका परिवारका सदस्यहरुलाई संगठित गरी आर्थिक तथा सामाजिक पुनःएकीकरणका क्रियाकलापहरु सञ्चालन गर्दै आत्मनिर्भर,दिगो एवं समाजवाद उन्मुख पालिका अर्थतन्त्रको विकास गर्न कमल गाउँपालिका भित्र आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक उन्नयन गर्न सञ्जालको माध्यमबाट वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक अधिकार, आर्थिक अधिकार, राजनैतिक अधिकार तथा साँस्कृतिक अधिकारसुनिश्चित गर्दै स्वरोजगार(खेती, उद्योग,वस्तु तथा सेवा) व्यवसाय सञ्चालन कार्यलाई सहज बनाउन वस्ती,वडा र पालिका स्तरिय  सञ्जाल रहनेछ र सो सञ्जालहरुको देहाय बमोजिम दर्ता वा सूचीकृत प्रक्रिया रहने छ ।

१) सञ्जाल गठन भए पश्चात सम्वन्धित गाउँ कार्यपालिकाको कार्यालयले त्यस्तो सञ्जाललाई अनुसूची - १ अनुसारको ढाँचामा निवेदन माग यरी स्थानीय तहमा निर्धारित प्रकृया वमोजिम अनुसूची - २ अनुसारको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

२) गाउँपालिकाले उपदफा (१) वमोजिम दर्ता भएका सञ्जालको लगत अनूसूची-३ वमोजिमको ढाँचामा राख्नुपर्नेछ।

१०) सञ्जाल सहजीकरण समितिः

१) गाउँपालिका स्तरीय सञ्जालको सञ्चालन तथा सहजीकरणको लागि तपशिल बमोजिमको सञ्जाल सहजीकरण समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रसाशकीय अधिकृत | - संयोजक |
| ख) रोजगार सहायक | - सदस्य |
| ख) रेमी परियोजना अन्तर्गतका सम्पुर्ण कर्मचारी | - सदस्य |
| ग) पालिका स्तरिय सञ्जालको संयोजक | - सदस्य |
| घ) रोजगार  संयोजक | - सदस्य सचिव |

२) समितिले आवश्यकतानुसार बैठकमा अन्य शाखा प्रमुख बोलाउन सक्नेछ ।

३) संयोजकको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउने र बैठक सम्बन्धि आवश्यक व्यवस्थापन गर्नेछ।

४) सञ्जाल सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

५) समितिको राय, सल्लाह र सुझाव गाउँपालिकाको सञ्जाल साथै सदस्य र वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति र तिनका परिवारको आर्थिक र सामाजिक उन्नतिमा केन्द्रित कार्यक्रमहरुको जानकारी तथा कार्यान्वयन गर्ने ।

६) वस्ती सञ्जाल, वडा सञ्जाल र सञ्जालको गठन, दर्ता तथा सञ्चालन प्रक्रियामा अभिमुखीकरण सहित सहजीकरण गर्ने ।

७) तीनै स्तरका सञ्जालहरुको लगत व्यवस्थापन गर्ने ।

८) तीनै स्तरका सञ्जालहरुको कार्य प्रगतिको आवधिक रुपमा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

११. सेवा सुविधा सम्बन्धि व्यवस्थाः

१) दफा ६, ७, ८ र १० बमोजिम गठित सञ्जाल र सहजीकरण समितिको बैठक तथा बैठकमा सहभागी पदाधिकारी साथै आमन्त्रित व्यक्तिहरुको सेवा सुविधा रेमी परियोजना कार्यान्वयन समितिको निर्णय अनुसार रोजगार सेवा केन्द्रले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४
## विविध

१२. सञ्जाल कोषको व्यवस्थाः

१) सञ्जाल कोषमा रेमी परियोजना कार्यान्वयन समितिको निर्णय बमोजिम रकम जम्मा हुनेछ ।

२) सञ्जाल सदस्यहरुको समग्र विकासको लागि सञ्जाल कोषको प्रयोग गरिनेछ ।

३) कोषको रकम रेमी परियोजना कार्यान्वयन समितिको निर्णयको आधारमा सञ्जाल कोषमा जम्मा गरिनेछ ।

४) सञ्चाल कोषमा भएको रकम प्रयोगका लागि रेमी परियोजना कार्यान्वयन समितिले निर्णय गर्नुपर्नेछ । सोही निर्णयका आधारमा दफा १० बमोजिमको सञ्जाल सहजीकरण समितिले खर्च गर्न सक्नेछ ।

५) कोषको रकमको कारोबारको लेखा दोहोरो लेखा प्रणालि अनुसार राख्नु पर्नेछ ।

१३. सामाजिक परीक्षण गराउन सक्नेः

१) सञ्जालले कार्यविधिमा उल्लिखित उद्देश्य अनुसार सञ्जालबाट भए गरेका निर्णय र कार्यक्रम तथा तालिम, सञ्जालले प्राप्त गरेका सेवा र सुविधा, सदस्यको सन्तुष्टीको स्तर, आर्थिक कारोबार लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

२) उपदफा (क) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

३) उपदफा (ख) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी गाउँपालिकाले आवश्यकता अनुसार सञ्जाललाई निर्देशन दिन सक्नेछ ।

१४. खारेजी र बचाउः

१) सञ्जालद्वारा संचालित कार्यक्रम, तालिम तथा आर्थिक कारोबार गाउँपालिकाको प्रचलित कानून बमोजिम व्यवस्थित हुनेछन् ।

२) उपदफा (क) बमोजिमका कार्यक्रम, तालिम तथा आर्थिक कारोबार गाउँपालिकाको प्रचलित कानूनसँग बाझिएमा स्वतः खारेज हुनेछन् ।

३) यो कार्यविधि स्वीकृत हुनुपूर्व भए गरेका रेमी परियोजनासँग सम्बन्धित सञ्जाल गठनसम्बन्धि प्रक्रिया यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

दफा ९ (१) सँग सम्बन्धित

सञ्जाल दर्ता गर्ने निवेदनको नमुना

वस्ती / वडा / पलिका स्तरीय सञ्जाल

मितिः..................................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
कमल गाँउपालिकाको कार्यालय
तोपगाछी, झापा ।

विषय : सञ्जाल दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाँउपालिकाद्वारा सञ्चालित वडा नं. ………….. को ………………. टोलमा गठन गरिएको…………………… सञ्जाललाई कमल गाँउपालिकाको कार्यालयमा दर्ता गरिदिनुहुन अनुरोध गर्दछु । यस …………………. सञ्जालको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सिमित रहनेछ ।

पुर्व सिमाना ………………………......

उत्तर सिमाना ……………………......

पश्चिम सिमाना ……………………..

दक्षिण सिमना ……………………

सञ्जालका पदाधिकारीहरुको विवरणः

| क्र.स. | नाम | पद | ठेगाना | राहादानी नं. | नाता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

संलग्न कागजातहरु:

१. सञ्जालका सम्पूर्ण ब्यक्ति तथा परिवारका सदस्यहरुको राहदानीको प्रतिलिपि
२. सञ्जाल गठन गरेको माइनुटको निर्णय

......................................
निवेदक

कमल गाउँपालिका

अनुसुची २

कमल गाँउपालिका

गाउँकार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

कोशी प्रदेश,  नेपाल

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सञ्जाल दर्ता प्रमाणप्रत्र

कमल गाउँपालिका वार्ड नं. .........स्थित ................वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको बस्ती/वडा/ पालिका स्तरीय ...................................... सञ्जाललाई यस कार्यालयमा मिति.........................................मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

यस सञ्जालले परियोजनाको उद्येश्य अनुरुप प्रचलित कानुन बमोजिम स्थानीय तहको विकास र समृद्धीमा सहयोग पुऱ्याउने अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामाना व्यत्त गर्दछु ।

.................................

प्रमुख प्रशासकिय अधिकृत

अनुसुची ३

दफा ९ (२) सँग सम्बन्धित

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सञ्जाल दर्ताको लगत

(वस्ती/वडा/ पालिका स्तरीय सञ्जाल)

| क्र. स | सञ्जालको नाम | वडा नं. | दर्ता मिती | अध्यक्षको नाम | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**आज्ञाले,**

**राजकुमार शाक्य**

**प्रमुख प्रशासकीय अधिकृत**

कमल राजपत्र